बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काभ्रे

### उद्यम विकास सहजकर्ता सेवा करारमा नियुक्तिका लागि दरखास्त आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मिति २०७७।७।२७)

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम यस नगरपालिका क्षेत्रभित्रका कार्यक्रम सञ्चालन गर्न सोही निर्देशिकाको दफा ६ बमोजिम उद्यम विकास सहजकर्ता सेवा करारमा नियुक्त गर्नुपर्ने भएकोले योग्य इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

१. विज्ञापन नं., पद तथा संख्याः

| विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| M1२०७७।०७८ | उद्यम विकास सहजकता | पाँचौं | २(दुई) | पाँचौं तहको लागि आवश्यक योग्यता भएका उम्मेदवार नभएमा चौथो तह |

२. **आवश्यक न्युनतम योग्यताः**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिसिटइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतीर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिसिटइभिटी) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिसिटइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उतीर्ण गरेको।

३. **विशेष प्राथमिकताः** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिसिटइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतीर्ण गरेका र नेपाल सरकारले स्थापना गरेको श्रम सूचना बैंकमा सूचीकृत भएको व्यक्ति।

४. **दरखास्त दिने स्थानः** बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वा ict.banepamun.gmail.com मा मेल गर्न सकिने छ।

५. **संलग्न हुनु पर्ने कागजातहरुः** (क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,(ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, (ग) सीप परिक्षण प्रमाण पत्र भएमा सोको प्रतिलिपि, (घ) कामको अनुभव भएमा सोको प्रमाण पत्रको प्रतिलिपि, र (ङ) आवेदकको वैयक्तिक विवरण (वायोडाटा)

६. **सेवा अवधिः** २०७८ साल असार मसान्त सम्म।

७. कामको विवरणः निर्देशिकाको अनुसूची १ मा उल्लेख भए बमोजिमका कार्यहरु समेतका आधारमा कार्यविवरण उपलब्ध गराइने छ।

८. **सेवा तथा सुविधाहरुः** संझौतामा उल्लेख भए अनुसार हुनेछ।

९. **छनौबटको तरिकाः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशित गरी अन्तर्वाता लिइने छ। कोभिड-१९ संक्रमणका कारण प्रारम्भिक सूचीमा परेका उमेद्वार अन्तरवार्ताका लागि उपस्थित हुन नसक्ने अवस्था भएमा टेलिफोन वा अन्य विद्युतीय माद्यमबाट समेत अन्तरवार्ता लिन सकिने छ।